संघीय संसद
प्रतिनिधि सभा, २०७९
दोश्रो अधिवेशन
बैठक संख्या - ११ र १२

सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०८० साल जेठ १० गते बुधबार

प्रतिनिधि सभाको आजको पहिलो बैठक सम्माननीय सभामुख श्री देवराज घिमिरेको अध्यक्षतामा दिनको ११:२० बजे प्रारम्भ भयो ।

सर्वप्रथम बैठक प्रारम्भ हुनासाथ राष्ट्रिय स्वतन्त्र पार्टीका माननीय सदस्यहरु आ-आफ्नो आशन अगाडि उभिनु भएपछि सम्माननीय सभामुखले समय उपलब्ध गराउनु हुँदा माननीय श्री रवि लामिछानेले नक्कली भुटानी शरणार्थीहरुको प्रकरणमा भएको भ्रष्टाचारमा आरोपितहरुको संसदीय विशेष समिति बनाएर छानविन गर्नुपर्ने लगायतका विषयमा आफ्नो भनाई राख्नु भएपछि सम्माननीय सभामुखले माननीय सदस्यले राख्नुभएको विषयप्रति ध्यानाकर्षण भएको जानकारी गराउनु भयो ।

त्यसपछि प्रारम्भ भएको शून्य समयमा निम्नलिखित माननीय सदस्यहरूले समसामयिक विषयहरूमा आ-आफ्नो भनाई राख्नु भयोः-

१. मा० श्री विजुला रायमाझी
२. मा० श्री विद्या भट्टराई
३. मा० श्री विना लामा
४. मा० श्री विमलेन्द्र निधि
५. मा० श्री विर बहादुर बलायर
६. मा० श्री विराज भक्त श्रेष्ठ
७. मा० श्री श्याम कुमार घिमिरे
८. मा० श्री शान्ती वि.क.
९. मा० श्री सान्ती श्रेष्ठ
१०. मा० श्री शिव नेपाली
११. मा० श्री शिशिर खनाल
१२. मा० डा० शुनिल कुमार शर्मा
१३. मा० श्री शेर बहादुर कुँवर
१४. मा० श्री शोभा ज्ञवाली
१५. मा० श्री सन्तोष परियार
१६. मा० श्री सम्झना थपलिया
१७. मा० श्री सरस्वती सुब्बा
१८. मा० श्री सराज अहमद फारुकी
१९. मा० श्री सरिता भुसाल
२०. मा० श्री स्वर्णिम वाग्ले
२१. मा० श्री सान्ती चौधरी
२२. मा० श्री सिता कुमारी राना
२३. मा० श्री सिता मिजार
२४. मा० श्री सुनिता बराल
२५. मा० श्री सुमना श्रेष्ठ
२६. मा० श्री सुशीला थिङ
२७. मा० श्री सूर्य कुमारी श्रेष्ठ
२८. मा० श्री सूर्य प्रसाद ढकाल
२९. मा० श्री सोबिता गौतम
३०. मा० श्री संजय कुमार गौतम
३१. मा० श्री हर्कमाया विश्वकर्मा
३२. मा० श्री हरि ढकाल
३३. मा० श्री हरि प्रसाद उप्रेती
३४. मा० श्री हित बहादुर तामाङ
३५. मा० श्री हित राज पाण्डे
३६. मा० श्री हृदयराम थानी
३७. मा० श्री ज्ञान बहादुर शाही
३८. मा० श्री ज्ञानु बस्नेत सुवेदी
३९. मा० श्री ज्ञानेन्द्र बहादुर कार्की

यसैक्रममा माननीय श्री सिता कुमारी रानाले बोलि सकेपछि माननीय श्री महेश कुमार वर्तौलाले सदनमा मन्त्रीको उपस्थिति नभएको भनी नियमापत्ति गर्नुभए लगत्तै माननीय मन्त्री बैठक कक्षमा उपस्थित हुनु भयो ।

ततपश्चात सम्माननीय सभामुखले माननीय श्री हरि ढकालले उठाउनु भएको विषयमा हिजोको बैठकमै सभामुख र उपसभामुख कुनैपनि दलसँग आवद्ध नभएको जानकारी गराइसकेको साथै यदि त्यस्तो रहेछ भने रेकर्ड सुनेर "उहाँको पार्टी कै" भन्ने शब्दलाई हटाउन सचिवालयलाई निर्देश गर्नुभयो ।

तदुपरान्त सम्माननीय राष्ट्रपतिले २०८० जेठ ५ गते शुक्रबार संघीय संसदको दुवै सदनको संयुक्त बैठकमा गर्नुभएको सम्बोधनमा उल्लिखित आ.व. २०८०/०८१ को नेपाल सरकारको वार्षिक नीति तथा कार्यक्रममाथि जारी छलफलमा निम्नलिखित माननीय सदस्यहरुले भाग लिनु भयो ।

१. मा० श्री  गगन कुमार थापा
२. मा० श्री गोकर्ण विष्ट
३. मा० श्री पूर्ण बहादुर घर्ती मगर
४. मा० श्री रवि लामिछाने

५. मा० श्री ज्ञान बहादुर शाही
६. मा० श्री उपेन्द्र यादव
७. मा० श्री प्रेम बहादुर आले
८. मा० श्री प्रकाश मान सिंह
९. मा० श्री रघुविर महाशेठ
१०. मा० डा० चन्द्रकान्त भण्डारी
११. मा० श्री राम कुमार राई
१२. मा० श्री वसन्त कुमार नेम्वाङ
१३. मा० श्री सूर्यमान तामाङ (दोङ)
१४. मा० श्री शंकर भण्डारी
१५. मा० श्री मंगल प्रसाद गुप्ता
१६. मा० श्री हित बहादुर तामाङ
१७. मा० श्री ईश्वरी देवी न्यौपाने
१८. मा० श्री सुनिता बराल
१९. मा० श्री लेख नाथ दाहाल
२०. मा० श्री मोहन आचार्य
२१. मा० श्री मेनका कुमारी पोखरेल

त्यसपछि सम्माननीय सभामुखले सम्माननीय राष्ट्रपतिको सम्बोधनमा उल्लिखित आ.व. २०८०/०८१ को लागि नेपाल सरकारको वार्षिक नीति तथा कार्यक्रममाथिको छलफलमा माननीय सदस्यहरुले बोल्ने क्रम आजै बस्ने प्रतिनिधि सभाको अर्को बैठकमा जारी रहने व्यहोरा जानकारी गराउनु भयो ।

तत्पश्चात सम्माननीय सभामुखले राष्ट्रपतिको कार्यालयबाट प्राप्त देहाय बमोजिमको पत्र पढेर सुनाउनु भयो ।

सम्माननीय राष्ट्रपति श्री रामचन्द्र पौडेलज्यूले सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दाहाल "प्रचण्ड"ज्यूको नेतृत्वमा मिति २०७९/९/११ गते गठित मौजुदा मन्त्रिपरिषद्मा नेपालको संविधानको धारा ७६ को उपधारा (९) बमोजिम सम्माननीय प्रधानमन्त्रीज्यूको सिफारिसमा मिति २०८०/०२/०९ गते देहायबमोजिम मन्त्री तथा राज्यमन्त्रीको नियुक्ति र कार्यविभाजन गर्नु भएको व्यहोरा अनुरोध गर्दछु ।

| क्र.सं. | नाम, थर | पद | कार्यविभाजन |
|---|---|---|---|
| १. | श्री वीरेन्द्रप्रसाद महतो | मन्त्री | वन तथा वातावरण मन्त्रालय |
| २. | श्री प्रमिला कुमारी | राज्यमन्त्री | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय |

(डिल्ली राम शर्मा)
सचिव

मिति : २०८०/०२/१०

तदनन्तर प्रतिनिधि सभाको अर्को बैठक आजै बेलुका ५:०० बजे बस्नेगरी बैठक दिनको ३:५० बजे स्थगित भयो ।

प्रतिनिधि सभाको आजको दोस्रो बैठक सम्माननीय सभामुख श्री देवराज घिमिरेको अध्यक्षतामा बेलुका ५:०५ बजे प्रारम्भ भयो ।

सर्वप्रथम सम्माननीय राष्ट्रपतिले २०८० जेठ ५ गते शुक्रबार संघीय संसदको दुवै सदनको संयुक्त बैठकमा गर्नुभएको सम्बोधनमा उल्लिखित आ.व. २०८०/०८१ को नेपाल सरकारको वार्षिक नीति तथा कार्यक्रममाथि जारी छलफलमा निम्नलिखित माननीय सदस्यहरुले भाग लिनु भयो ।

१. मा० श्री रुपा सो.सी. (चौधरी)
२. मा० श्री संजय कुमार गौतम
३. मा० श्री दिपा शर्मा
४. मा० श्री अजय कुमार चौरसिया
५. मा० श्री चन्द्र बहादुर वि.क.
६. मा० श्री सुशिला थिङ
७. मा० श्री प्रभु हजारा दुसाध
८. मा० श्री सिता कुमारी राना
९. मा० श्री किरण कुमार साह
१०. मा० श्री रुपा वि.क.
११. मा० श्री देवि प्रकाश भट्टचन
१२. मा० श्री पुष्पबहादुर शाह
१३. मा० श्री ईश्वरी घर्ती
१४. मा० श्री ऐन बहादुर शाही ठकुरी
१५. मा० श्री हर्कमाया वि.क.
१६. मा० श्री कल्पना चौधरी
१७. मा० श्री सरस्वती सुब्बा
१८. मा० श्री खम बहादुर गर्बुजा
१९. मा० श्री दिनेश कुमार यादव
२०. मा० श्री लिला देवी बोखिम (लिम्बु)
२१. मा० श्री देवप्रसाद तिमलसेना
२२. मा० श्री लाल प्रसाद साँवा लिम्बु

यसैबीच माननीय श्री अजय कुमार चौरसियाले बोल्ने क्रममा विदेशी नागरिकता त्यागेको निस्सा पेश नगरी नेपाली नागरिकता लिएको भन्नुभएपछि राष्ट्रिय स्वतन्त्र पार्टीका माननीय सदस्यहरु नियमापत्ति गर्दै आ-आफ्नो आशन अगाडि उभिनुभएपछि सम्माननीय सभामुखले माननीय श्री रवि लामिछानेलाई समय दिनुहुँदा उहाँले वक्ता माननीय सदस्यले मिडियामा आएका कुराको तथ्य नबुझीकन आफ्नो भनाई राख्न नहुने र अदालतमा विचाराधिन

विषयका सम्बन्धमा समेत सदनमा कुरा उठाउन नपाइने भन्नुभएपछि सम्माननीय सभामुखले वक्ता माननीय सदस्यलाई ध्यानाकर्षण गराउँदै छलफलमा भाग लिन अनुमति दिनुभयो ।

त्यसपछि माननीय श्री अजय कुमार चौरसियाले पुनः छलफलमा भाग लिने क्रममा नागरिकता मुद्दाका सम्बन्धमा कतिपय नागरिकहरु थुनामा बसेको तर नागरिकता त्यागीसकेकोलाई पुरानै नागरिकता नम्वर र जारी मिति दिएको विषयका सम्बन्धमा सुसुचित हुने आफ्नो अधिकार सुरक्षित रहेको भन्नुभएपछि पुनः राष्ट्रिय स्वतन्त्र पार्टीका माननीय सदस्यहरु आ-आफ्नो आशन अगाडी उभिएर नियमापत्ति गर्नुभएपछि नेपाली काँग्रेसका माननीय सदस्यहरु पनि आ-आफ्नो आशन अगाडि उभिनुभएपछि सम्माननीय सभामुखले वक्ता माननीय सदस्यले बोलेको विषयप्रति ध्यानाकर्षण गराइसकिएको भन्नुहुँदा पनि माननीय सदस्यहरुले आशन ग्रहण नगरेपछि सम्माननीय सभामुखले आदलतमा विचाराधिन विषय सदनमा नउठाउन हुन पुनः माननीय सदस्यहरुको ध्यानाकर्षण गराउनु भएपछि मा० सदस्यहरुले आ-आफ्नो आशन ग्रहण गर्नुभयो ।

तत्पश्चात सम्माननीय सभामुखले सम्माननीय राष्ट्रपतिको सम्बोधनमा उल्लिखित आ.व. २०८०/०८१ को लागि नेपाल सरकारको वार्षिक नीति तथा कार्यक्रममाथिको छलफलमा माननीय सदस्यहरुले बोल्ने क्रम जारी नै रहने व्यहोरा जानकारी गराउनु हुँदै सम्माननीय राष्ट्रपतिले गर्नुभएको सम्बोधनमा उल्लिखित आ.व. २०८०/०८१ को नेपाल सरकारको बार्षिक नीति तथा कार्यक्रममाथि छलफल गर्न र सम्माननीय प्रधानमन्त्रीबाट जवाफ दिनका लागि जेठ ११ गतेसम्मका दिनहरु तोकिएकोमा विशेष कारणवस जेठ ११ गतेको दिन प्रतिनिधि सभाको बैठक नवस्ने भएकोले उक्त छलफल गर्न र सम्माननीय प्रधानमन्त्रीबाट जवाफ दिनका लागि प्रतिनिधि सभा नियमावली, २०७९ को नियम ३८ को उपनियम (१) बमोजिम २०८० साल जेठ १२ गतेको दिन समेत तोकेको व्यहोरा जानकारी गराउनु भयो ।

तदनन्तर प्रतिनिधि सभाको अर्को बैठक २०८० साल जेठ १२ गते शुक्रबार बिहान ११:०० बजे बस्नेगरी बैठक बेलुका ७:१५ बजे स्थगित भयो ।

डा. भरतराज गौतम
संघीय संसदको महासचिव